आज मिति २०८१ साल चैत्र २७ गते बुधबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ४३ (त्रिचालिसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा
२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा
३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ
४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ
५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी
६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की
७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ
८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.
९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा
१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ
११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा
१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय
१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ
१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा
१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ
१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान
१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ
१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ
१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार
२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)
२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली
२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृतः श्री कृष्ण गिरी

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्वन्धमा।
२. नमोबुद्ध नगरपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।
३. पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाका सम्वन्धमा।
४. आर्थिक विकास समितिको निर्णय अनुमोदन गर्ने सम्वन्धमा।
५. कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा।
६. सब-डिभिजन वन कार्यालय, नमोबुद्धको प्रशासनिक भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा।
७. प्रतिबद्धता सम्बन्धमा।
८. नगर प्रमुखज्यूको भ्रमण स्वीकृत गर्ने सम्बन्धमा।
९. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नगरपालिका भित्रका सम्पूर्ण वडाका वडा समितिमा र विधायन समितिमा उत्पन्न भई छलफल र मस्यौदा सहित पेश हुन आएको नमोबुद्ध नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१ को दफावार छलफल गरी परिमार्जन सहित सर्वसम्मत स्वीकृत गर्ने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणाको लागि आवश्यक तयारी गर्ने।र सोको जिम्मेवारी स्वास्थ्य शाखाले पूरा गर्ने।

निर्णय नम्बर ४:

नमोबुद्ध नगरपालिकाको आर्थिक विकास समितिको मिति २०८१/११/२० र मिति २०८१/११/२५ गतेको बैठकमा भएको कृषि यान्त्रिकरण सामाग्रीहरुको खरिदका लागि तय गरिएको तपसिलको दररेट सम्बन्धी निर्णय अनुमोदन गर्ने।

निर्णय प्रमाणिकरण

तपसिलः

आर्थिक विकास समितिको मिति २०८१/११/२० को सन्दर्भमाः

| क्र.स. | सामाग्री विवरण | स्पेशिफिकेसन | परिमाण | इकाई | दर |
|---|---|---|---|---|---|
| १ | मल्चिङ्ग प्लाष्टिक | (४० माइक्रोन भन्दा बढीको) ४०० मिटर रोल | १ | रोल | ५७०० |
| २ | पोखरी प्लाष्टिक | २०० GSM (६मि.* ८मि.) | १ | थान | ७५०० |
|  | पोखरी प्लाष्टिक | २०० GSM (१० मि.* १२मि.) | १ | थान | १७००० |
| ३ | टनेल प्लाष्टिक | UV 100 micron (६मि.* १२मि.) | १ | थान | ५०४० |
|  | स्प्रे टयाङ्की (Manual ) | Capacity: 16 liter | १ | थान | १८०० |
| ४ | स्प्रे टयाङ्की (Manual with Electric) | Capacity: 16 liter | १ | थान | ३५०० |
| ५ | नर्सरी ट्रे |  | १ | थान | ५५ |
| ६ | कोकोपिट |  | १ | के.जी. | ९५ |
| ७ | प्लाष्टिक हजारी | ५ लिटर | १ | थान | २५० |
| ९ | प्लाष्टिक हजारी | १० लिटर | १ | थान | ३५० |
| १० | पोलिब्याग | २०० गेज | १ | के.जी. | ३५० |
| ११ | सिकेचर |  | १ | थान | ६०० |
| १२ | १८-२० फिट लामो बाँस |  | १ | गोटा | २०० |
| १३ | मौरी घार |  | १ | सेट/थान | ५००० |
| १४ | गोला सहित मौरी घार |  | १ | सेट/थान | १०००० |

आर्थिक विकास समितिको मिति २०८१/११/२५ को सन्दर्भमाः

| क्र.सं. | सामाग्रीको नाम | एकाइ | परिमाण | Required Specifications | | दररेट |
|---|---|---|---|---|---|---|
| १ | मिनिटिलर | थान | १ | Make and Model | 170F | 36400 |
|  |  |  |  | Engine | Petrol Engine |  |
|  |  |  |  |  | 7.5HP Minitiller |  |
|  |  |  |  | Transmission System | 2 Forward Gear and 1 Reverse |  |
|  |  |  |  | Mode of Transmission | Gear System |  |
|  |  |  |  | No. of Blades | 24 blades |  |
|  |  |  |  | Starting System | Manual Recoil |  |
| २ | मिनिटिलर | थान | १ | Make and Model | 186F | 75600 |
|  |  |  |  | Engine | Diesel Engine |  |

निर्णय प्रमाणीकरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | 9 HP Minitiller | |
| | | | | Transmission System | 2 Forward Gear and 1 Reverse | |
| | | | | Mode of Transmission | Gear System | |
| | | | | No. of Blades | 32 blades | |
| | | | | Starting System | Manual Start/Recoil Start/Self Start | |
| ३ | मिनिटिलर | थान | १ | Make and Model | 178F | 59400 |
| | | | | Engine | | |
| | | | | | Diesel Engine | |
| | | | | | 7 HP Minitiller | |
| | | | | Transmission System | 2 Forward Gear and 1 Reverse | |
| | | | | Mode of Transmission | Gear System | |
| | | | | No. of Blades | 32 blades | |
| | | | | Starting System | Manual Start/Recoil Start | |
| ४ | Disc Mill | थान | १ | Production Capacity | 150 kg/hr | 27500 |
| | | | | Motor | 3 HP, 220V/50HZ/2800 RPM | |
| | | | | Weight | 55 kg with motor | |
| | | | | Sieve | 1.2,2 | |
| | | | | Safety | Protective parts in the belts | |
| | | | | Body Material | Metallic Steel Body | |
| | | | | Thickness of Teeth | T-teeth: 8 mm | |
| | | | | | Square teeth: 13 mm | |
| ५ | Corn Sellor | थान | १ | Motor | 1 HP | 9900 |
| | | | | Power Resources | 220 V | |
| | | | | Spindle Speed | 2800 rpm | |
| | | | | Capacity | 800 kg/hr (Single Tube) | |
| | | | | Tube | Single Tube/ | |
| ६ | Corn Sellor | थान | १ | Motor | 1 HP | 12100 |
| | | | | Power Resources | 220 V | |
| | | | | Spindle Speed | 2800 rpm | |
| | | | | Capacity | 1200 kg/hr (Double tube) | |
| | | | | Tube | Double Tube | |

निर्णय प्रमाणीकरण

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिका १० नम्बर वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. ६३७ मिति २०८१/१२/१९ गतेको पत्रानुसार वडा कार्यालयमा नियामानुसार नियुक्ति गरिएको कार्यालय सहयोगी श्री भगवती अधिकारी सम्बन्धमा मिति २०८१/१२/२० गतेको वडा समितिको निर्णयलाई अनुमोदन गर्ने।

निर्णय नम्बर ६:

डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोकको प.सं. २०८१/०८२, च.नं. १७२४, मिति २०८१/११/२८ गतेको सिफारिस उपलब्ध गराईदिने सम्बन्धी प्राप्त पत्रका सन्दर्भमा सब डिभिजन वन कार्यालय, नमोबुद्धको प्रशासनिक भवन निर्माणका लागि नमोबुद्ध नगरपालिका वडा नम्बर ०२ (साविक फुलबारी गा.वि.स. वडा नम्बर ५) को सिट नम्बर १५७१५३३ कित्ता नम्बर ६३४ को फिल्डबुकमा पर्ति जनाईएको ४२-५-०-१ रोपनी जग्गा मध्ये हाल रुख विरुवा नभएको र नगरपालिकाले पार्क लगायतका भौतिक संरचना निर्माण नगरिएको क्षेत्र मध्ये ६-९-१-३ रोपनी जग्गा उपयोगका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

निर्णय नम्बर ७:

नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०३ स्थित चरुवा सामुदायिक वनको कमर थुम्कामा निर्माण गर्न लागिएको यस नगरपालिकाको उच्च प्राथमिकता परेको नगर गौरवको आयोजना "एकीकृत वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र" को निर्माणका सन्दर्भमा सो आयोजनाको विस्तृत परियोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय प्रतिवेदन (आई.ई.ई) स्वीकृत भएको हुँदा सार्वजनिक निजी साझेदारीमा यो आयोजना कार्यान्वयनको गर्न लागिएको हुँदा तपशिल बमोजिमको उल्लेखित आयोजना प्रतिवेदनमा उल्लेख भएको जग्गाहरु प्रासिका प्रकृया अगाडी बढाईएको हुँदा सोही बमोजिम जग्गा प्रासिका लागि नगरपालिकाले पूरा गर्नुपर्ने सम्पूर्ण प्रकृया नियमानुसार पूरा गर्न प्रतिबद्ध रहेको बेहोरा सम्बन्धित निकायमा सिफारिस साथ अनुरोध गर्ने।

तपशिलः

**परियोजनाको नामः** एकीकृत वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण।

**परियोजना कार्यान्वयन हुने स्थानः** काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध नगरपालिका वडा नम्बर ०३ (साविक मेथिनकोट गा.वि.स. वडा नम्बर ०७) टोपोसिट नम्बर २७८५ ०७ डी अन्तर्गत पर्ने कित्ता नम्बर ८१ को चरुवा सामुदायिक वन क्षेत्रको केन्द्र २७°३५'५४.२२" उत्तर अक्षांश र ८५°३८'५९.५५" पूर्व देशान्तरमा समुन्द्र सतहबाट ९६० मिटरको उचाईमा रहेको जग्गा।

**कुल लागतः** विस्तृत परियोजना प्रतिवेदन अनुसार अनुमानित लागत रकम रु. २०,००,००,००० (अक्षेरुपी बिस करोड)।

**आयोजना क्षेत्र रहने चार किल्लाको अक्षांश र देशान्तरः**

| क्र.सं. | X-coordinates | Y-coordinates | Lattitude | Longitude |
|---|---|---|---|---|
| | (As per UTM 45 zone) | | (As per WGS 84) | |
| १. | ३६६५७३.१७३३ | ३०५३४९७.७३७१ | २७.५९८८६९ | ८५.६४८०१४ |
| २. | ३६६६१४.११०५ | ३०५३५५९.४७८५ | २७.५९९४३ | ८५.६४८४२१ |
| ३. | ३६६६७६.३८२३ | ३०५३५७३.७८४६ | २७.५९९५६६ | ८५.६४९०५१ |
| ४. | ३६६७७६.३९१० | ३०५३५४३.१२१३ | २७.५९९२९९ | ८५.६५००६७ |
| ५. | ३६६८४६.०६०७ | ३०५३४५६.८७२३ | २७.५९८५२७ | ८५.६५०७८३ |
| ६. | ३६६७०९.५०२० | ३०५३३५७.३२११ | २७.५९७६१५ | ८५.६४९४१ |

<u>निर्णय नम्बर ८:</u>

इसिमोड (ICIMOD) को मिति २०८२/०१/०८ गते देखि मिति २०८२/०१/१२ गते सम्म (21-25, April, 2025) Dehradun, Uttarakhand, India मा आयोजना हुने Learning and Exchange visit on Springshed Management सम्बन्धी कार्यक्रममा सहभागी हुनका लागि नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको भ्रमण स्वीकृत गर्ने।

निर्णय प्रमाणीकरण